# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः२०८३।०४।२९ गते**

सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाको सहयोग (SUSWA) मा भगवतीमाई गाउँपालिका अन्तर्गत वडा नं २, ३, ५ र ६ मा सञ्चालित तपसिल अनुसारका खानेपानी तथा सरसफाइ योजनाहरूको लागि आयोजनाको खरिद निर्देशिका बमोजिम खानेपानी योजना निर्माणमा प्रयोग हुने बाह्य निर्माण सामग्रीहरू खरिद गर्नुपर्ने भएकोले शिलबन्दी दरभाउपत्रमा उल्लिखित परिमाण तथा दरभाउपत्र साथ उपलब्ध गराइएको स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामानहरू निम्न शर्तहरूको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायर्सबाट सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

तपसिल

| सिलबन्दी दरभाउपत्र नंम्बर | बिध्यालयको नाम | बिध्यालयको बैंक खाता नम्बर प्रभु बैंक भगवतीमाई शाखा | सिलबन्दी दरभाउपत्रको अनुमानित रकम (भ्याट र ढुवानी बाहेकको) | बोलपत्र जमानत वापतको रकम रु (अनुमानित रकमको २·५%) |
|---|---|---|---|---|
| SSAAVI School Toilet/SQ /01/083/084 | **सरस्वति आ बि सिडार भगवतीमाई २** | 1510103019900011 | 520100.00 | 13100.00 |
| MMAVI School Toilet /SQ /02/083/084 | **श्री मेतलपाटा मा वि भगवतीमाई ३** | 1510103450400018 | 598980.00 | 15000.00 |
| SSAAVI School Toilet/SQ /03/083/084 | **सरस्वति आ बि कट्टी भगवतीमाई ५** | 1510102777200011 | 435320.00 | 11000.00 |
| NRAAVI School Toilet /SQ /04/083/084 | **श्री नेपाल राष्टिय आ वि चिपिन भगवतीमाई ६** | 151010269050016 | 498966.00 | 12500.00 |

## शर्तहरुः

- विभिन्न आवश्यक निर्माण सिमेन्ट,सरिया,तथा फिटीङ्गस्हरू सप्लाइ सम्बन्धी दरभाउपत्र फारम साथ सम्बन्धित उपभोक्ता समितिको नाममा बैकमा रहेको खाता नम्बरमा वैकँ ग्यारेन्टी सहीत लिखित निवेदनको साथमा सिलबन्दी दरभाउपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रूपमा गरेको स्वः घोषणाको सक्कल प्रतिलिपि, फर्म दर्ता, मूल्य अभिवृद्धि कर दर्ता, अद्यावधिक कर चुक्ताको प्रमाणपत्रहरू प्रमाणित भएको प्रतिलिपिहरू सहित यो सूचना प्रकाशित भएको मितिले सातौं दिनको (२०८३।०५।०४ गते) कार्यालय समय भित्र गाउँकार्यपालिकाको कार्यालय वाट खरिद गर्न सकिनेछ ।

- खरिद गरिएको दरभाउपत्र फारामहरू रीतपूर्वक भरी सूचना प्रकाशित भएको आठौँ दिनको १२ बजे भित्र प्रचलित कानुन बमोजिम बैंक ग्यारेन्टी जारी गर्न योग्य वाणिज्य बैंक वा वित्तीय संस्थाबाट न्यूनतम दाखिला गर्ने अन्तिम मितिबाट ९० दिनलाई मान्य बोलपत्र जमानत सहितको ग्यारेन्टी पत्र वा सम्बन्धित उपभोक्ताको समितिको बैकमा रहेको खाता नम्बरमा नगदै जम्मा गरेको सक्कलै भौचर र उपभोक्ता समितिको अध्यक्षलाई निवेदन सहित फाराम खरिद गरिएको कार्यालयमा दर्ता गराउनु पर्नेछ भने सप्लार्यसले कुनै एक वा स

योजनाको लागि दरभाउ पत्र पेस गर्न सक्नेछ तर सो दरभाउ पत्रहरू प्रत्येक योजनाको फरक फरक भरि छुट्टा छुट्टै सिलबन्दी गरेको हुनुपर्ने छ। दरभाउपत्र फाराम सिलबन्दी गरी सिलबन्दी दरभाउपत्र नं, उपभोक्ता समितिको नाम, ठेगाना र बाह्य निर्माण सामग्री सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने ब्यहोरा लेख्नुपर्नेछ।

- सप्लाएर आपूर्तिकर्ताबाट कुनै जानकारी माग भएमा कुनै पनि समय इमेल वा पत्रको माध्यमबाट समेत दिइनेछ र सो को जानकारी अन्य सप्लाएर आपूर्तिकर्तालाई समेत दिइनेछ,
- सफल दरभाउपत्रदाताले दरभाउ पत्रको जम्मा अनुमानित रकमको १५ प्रतिशत भन्दा कम घटि भएमा ५ प्रतिशत र बढि घटि भएमा कार्य सम्पादन जमानत रकम रु = [०.८५ × लागत अनुमान – कबोल मूल्य) ×०.५]+५% कबोल मूल्यको हिसाब गरी कार्य सम्पादन जमानत रकम सम्बन्धित उपभोक्ताको समितिको बैक खातामा जम्मा गर्न पर्नेछ।
- सिलबन्दी दरभाउपत्र पेस गर्दा सप्लाएरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेस गर्न सकिनेछ। हुलाक वा कुरियर मार्फत पठाइएको सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले आठौं दिनको १२ बजे (२०८३।०५।०५) बजे भित्र प्राप्त भगवतीमाइ गाउँपालिकामा वा वास ईकाई बेस्तडामा पेस गर्न सकिनेछ।
- सप्लाई हुने सामग्रीहरूको भुक्तानी उपभोक्ता समितिले तोकिएको स्थान सम्म ढुवानी भै सामग्रीहरू प्राविधिक तथा सम्बन्धित उपभोक्ता समितिले चेकजाँच गरेपछि मात्र सप्लाई भएको सामानको भुक्तानी दिइनेछ।
- उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरू मिति २०८३।०५।०५ गते मा गाउँकार्यपालिकाको कार्यालय बेस्तडा, दैलेखमा खरिद समितिका प्रतिनिधिहरू तथा साझेदार कार्यालयका प्रतिनिधिहरू र दरभाउपत्र दाताहरू वा निजहरूको प्रतिनिधिको रोहबरमा खोलिनेछ। दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा समेत दरभाउपत्र खोल्न बाधा पुग्नेछैन।
- दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनहरूमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन बिक्री गरिने, दर्ता गरिने वा खोलिनेछ।
- म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन।
- दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरूमा सुरक्षित रहनेछ।
- यस सम्बन्धी थप शर्तहरू दरभाउपत्र फाराम साथै उपलब्ध गराइनेछ। अन्य शर्तहरू आयोजनाको खरिद कार्यविधि बमोजिम हुनेछ।
- यो सूचनामा केही संशोधन गर्नु परेमा सो को सूचना गाउँपालिकाको सूचना पाटीमा टाँस गरिनेछ
- अन्य थप जानकारी चाहिएमा भगवतीमाइ गाउँपालिका दैलेख अन्तर्गत खानेपानी, सरसफाइ तथा स्वच्छता इकाई (मोवाईल नम्बर 98480७४०८२/९८४८१०६४६५) मा सम्पर्क गर्न सकिनेछ।

संयुक्त खरिद समिति

संयोजक